# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५० ) काठमाडौं, कार्त्तिक २३ गते २०५७ साल ( अतिरिक्ताङ्क ४० ( क )

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट संविधान दिवसको उपलक्ष्यमा २०५७ साल कार्त्तिक २३ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

संविधान दिवसको अवसरमा सम्पूर्ण नेपालीहरूमा हाम्रो शुभकामना छ ।

बहुदलीय प्रजातन्त्र हाम्रो प्रतिबद्धता हो र सुशासन एवम् मानव अधिकार प्रजातन्त्रका आधार हुन् । नेपाली जनतालाई सामाजिक, राजनैतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्य लिएर हामीबाट नेपाल अधिराज्यको संविधान, २०४७ बक्सेका हौं । यी उद्देश्यहरू पूरा गर्ने दिशामा भएका प्रयासहरू, हासिल भएका उपलब्धि र अनुभव भएका कमजोरीहरूको बहुदलीय प्रजातन्त्रप्रतिको निष्ठाको धरातलमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उभिएर गरिने विवेकपूर्ण र सन्तुलित मूल्यांकन प्रजातन्त्रको सुदृढीकरणको लागि फलदायी हुनेछ भन्ने हामीलाई लाग्दछ ।

अन्त्यमा, राष्ट्रियता एवम् नेपाली जनताको एकतालाई सुदृढ पार्दै मुलुकको सर्वोत्तम हित र समुन्नतिका लागि सबै नेपाली अघि बढ्न सकून्... यही हाम्रो शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६८२४